# खुला खुलासा नीति

## केही गलत भएमा

SASS मा, हामी सुरक्षित, उच्च-गुणस्तरको हेरविचार गर्न प्रतिबद्ध छौं।

यदि तपाईंको हेरचाहको क्रममा हानि पुग्यो, वा हानि पुऱ्याउन सक्ने घटना भएमा, उपयुक्त खण्डमा हामीले, तपाईंको परिवार, हेरचाहकर्ता वा मनोनित सहयोगी व्यक्तिसँग तुरुन्तै खुला रुपमा र इमानदारीपूर्वक कुराकानी गर्नेछौँ।

## हामीबाट तपाईंले के अपेक्षा गर्न सक्नुहुन्छ

हामीले निम्न कार्य गर्नेछौँ:

- ✓ सकेसम्म चाँडो घटनाको विवरण दिनेछौँ
- ✓ उपलब्ध जानकारी दिनेछौँ र थप जानकारी उपलब्ध भएको खण्डमा अद्यावधिक गराउने छौँ
- ✓ उपयुक्त खण्डमा इमानदारीपूर्वक माफी माग्नेछौँ वा अफसोस व्यक्त गर्नेछौँ
- ✓ तपाईंको गुनासो सुन्नेछौँ र तपाईंका प्रश्नहरूको जवाफ दिनेछौँ
- ✓ हामीले यस्तो घटना फेरि हुनबाट रोक्नको लागि के गर्दैछौं त्यसबारे व्याख्या गर्नेछौँ
- ✓ तपाईंसँग सम्मानजनक, करुणामय र आघात-सचेत तरिकाले कुराकानी गर्नेछौँ

## तपाईंको संलग्नता

तपाईंको विचार र अनुभव हाम्रो लागि महत्त्वपूर्ण छन्। हामी तपाईंलाई प्रश्न सोध्ने, आफ्ना गुनासोहरू साझा गर्ने र के भएको थियो भन्ने बारेको छलफलमा संलग्न हुने अवसर प्रदान गर्नेछौँ।

## हाम्रो प्रतिबद्धता

यदि केही गलत भएको खण्डमा हामी खुला, इमानदार र पारदर्शी हुन प्रतिबद्ध छौँ। हामी हाम्रा सेवाहरूको सुरक्षा र गुणस्तरमा निरन्तर सुधार गर्न यस्ता घटनाहरूबाट सिक्दै अगाडि बढ्नेछौँ।